प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

धनगढी, कैलाली



# सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गरेको अवधि :- २०७७ श्रावण १ गते देखी २०७७ असोज मसान्त सम्म

**१. मन्त्रालयको स्वरुप र प्रकृति**

यसमन्त्रालयकोकार्यक्षेत्रभित्रउद्योग, वाणिज्यतथाआपूर्ति, पर्यटन, वन, वातावरणतथाजलवायुपरिवर्तनअनुकूलन र विज्ञान तथा प्रविधि जस्ताबिषयहरूसमेटिएकाछन।यसमन्त्रालयमा५वटामहाशाखारतिमहाशाखहरुअन्तर्गत१४वटाशाखारहने गरीसंगठनसंरचनास्वीकृतभएकोछ।मन्त्रालयअन्तर्गतवननिर्देशनालय, उद्योग, वाणिज्यतथाउपभोक्तहितनिर्देशनालय,वनअनुसंधानतथाप्रशिक्षणकेन्द्र, प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन ईकाई, १०वटाडिभिजनवनकार्यालय, २ वटाभूतथाजलाधारव्यवस्थापनकार्यालय र ९वटाघरेलुतथासानाउद्योगकार्यालयगरिजम्मा २५वटाकार्यालयहरूस्थापनाभईसंचालनमाआएकाछन् ।

**२. कार्यालयको काम कर्तव्य र अधिकार/कार्यविभाजन नियमावली, २०७४**

सुदूरपश्चिम प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस कार्यालयको काम, कर्तव्य र अधिकार यस प्रकार रहेका छन् ।

१ व्यापार/बाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण ;

२ प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन ;

३ ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यबस्थापन ;

४ नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता ;

५ व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन ;

६ खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून,मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसंग समन्वय ;

७ भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी ;

८ कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन ;

९ उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन ;

१० प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष क्षेत्रको स्थापना, सञ्चालन र विस्तार ;
११ औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन ;
१२ सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ;
१३ उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन ;
१४ मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन ;
१५ संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन ;
१६ उपभोक्ता अदालत गठन र सञ्चालन स
१७ अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यबस्था, मौज्दातको व्यबस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय ;
१८ लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन ;
१९ करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ;
२० संघ संगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन ;
२१ दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयनर नियमन ;
२२ प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यबस्थापन ;
२३ प्रदशस्तरमा ईन्धनको गुणस्तर अनुगमन ;
२४ संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी ;
२५ प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ;
२६ औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यबस्थापन ;
२७ उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग ;
२८ स्वरोजगारका लागी उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यबसाय प्रवर्द्धन सहायता ;
२९ प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन ;
३० पर्यटक प्रहरी व्यवस्थापन ;

३१ पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्याफ्टिङ्ग आदिको दर्ता अनुमति नवीकरण र नियमन ;

३२ प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ;

३३ वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण ;

३४ वन वनस्पति वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन ;

३५ प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन ;

३६ हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन ;

३७ जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन ;

३८ वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह ;

३९ वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग ;

४० प्रदेशस्तरमा वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन ;

४१ प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड ;

४२ प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन ;

४३ प्रदेशभित्र भूस्खलन नियन्त्रण ;

४४ प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन ;

४५ प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन ;

४६ प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना ;

४७ प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार ;

४८ प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन ;

४९ प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण ;

५० प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रकृया र हरित क्षेत्र प्रवर्द्धन ;

५१ प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन ;

५२ प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण ;

५३ भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गिकरण, संरक्षण र व्यवस्थापन ;

५४ संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण ;

५५ अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन ;

५६ वृक्षारोपणको लागी दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन ;

५७ प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन ;

५८ प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन ;

५९ वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ;

६० प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग ;

६१ वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास ;

६२ विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन ।

## ३ मन्त्रालयको सँगठन सँरचना र मन्त्रालयमा कार्यरत कर्मचारीको विवरण

### क) मन्त्रालयको सँगठन सँरचना

मन्त्रालयको वर्तमान सांगठनिक संरचना अनुसार ५ वटा महाशाखा र १४ वटा शाखाहरु रहेका छन् । यस मन्त्रालयमा ४५ जनाको स्वीकृत स्थायी दरबन्दी रहेको छ । यस मन्त्रालयको प्रमुख प्रदेश सरकारको सचिव (रा. प. प्रथम श्रेणी) को दरबन्दी रहेको छ । प्रदेश सचिव मातहत रहेका ५ वटा महाशाखाहरुमा प्रत्येकमा अधिकृतस्तर नवौं तहको १/१ जनाको दरबन्दी रहेको छ । प्रत्येक शाखाको कार्य सम्पादनको लागी शाखाको कार्यबोझ अनुसार अधिकृतस्तर आठौं/सातौं देखि कार्यालय सहयोगीसम्मका कर्मचारीहरुको दरबन्दी रहेको छ । यस मन्त्रालयमा रहेका महाशाखा र शाखाको कार्य विवरण यस प्रकार रहेको छ।

**<u>मन्त्रालयको सँगठन तालिका</u>**



## ख) मन्त्रालयमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीकोनाम, थर | पद | महाशाखा/शाखा | सम्पर्कनम्बर |
|---|---|---|---|---|
| १ | श्रीयज्ञनाथ दाहाल | प्रदेशसचिव | | ९८५८४२२५०७ |
| २ | श्री जनकपाध्या | अधिकृतस्तर नवौं तह | वन व्यवस्थापन तथा जैविक विविधता महाशाखा | ९८५११५१३०२ |
| ३ | श्री भरतप्रसाद श्रेष्ठ | स.व.अ.(अधिकृतस्तरआठौं) | योजना/वातावरण शाखा | ९८४७८७४१९० |
| ४ | श्री नृपेशअवस्थी | भु संरक्षणअधिकृत | भू तथा जलाधार शाखा | ९८४९०३१२५० |
| ५ | श्री कृष्णबहादुर धामी | लेखाअधिकृत | आर्थिक प्रशासन शाखा | ९८५८४२४२०१ |
| ६ | श्रीधर्मराज जोशी | शाखाअधिकृत | प्रशासन/वाणिज्य/औद्योगिक प्रवर्द्धन शाखा | ९८५८४२६६४४ |
| ७ | श्री गगनशर्मा | सहायक वन अधिकृत | वन व्यवस्थापन शाखा | ९८४५२८६६०० |
| ८ | श्री मानबहादुर लामा | कानुनअधिकृत | कानून तथा फैसला कार्यान्वयन शाखा | ९८४१७८६०६१ |
| ९ | श्रीविष्णुदत्त भट्ट | अधिकृत | सार्वजनिक खरिद एकाई | ९८०५७६३४१५ |
| १० | श्री मानसिंह साउद | अधिकृत | पर्यटन विकास शाखा | ९८४८८५३०८६ |
| ११ | श्रीकौशिला कुमारी जोशी | अधिकृत | प्रशासन शाखा | ९८६८५८६९२३ |
| १२ | श्रीसुनिता कुमारी माली | कम्प्युटरअधिकृत | विज्ञान तथा सुचना प्रविधि शाखा | ९८४३३१६०७७ |
| १३ | श्रीप्रशान्त चौधरी | सहायक | प्रशासन/जिन्सि शाखा | ९८४९८५४९५३ |
| १४ | श्रीहेमन्त वुढाथोकी | भू संरक्षणसहायक | भू तथा जलाधार शाखा | ९८४९१३६३६६ |
| १५ | श्री नविनसिंह | रेन्जर | योजना शाखा | ९८४३७०५९५१ |
| १६ | श्री कमलगौतम | सहायक चौथो | आर्थिक प्रशासन शाखा | ९८४३३३९२२१ |
| १७ | श्री रामबहादुर थापा | हसचा | प्रशासन | ९८४८५९५७७३ |
| १८ | श्रीअर्जुन चौधरी | का स | | ९८४८४७०४७५ |
| १९ | श्रीप्रेमराज जैशी | का स | | ९८४८५३४५२६ |
| २० | श्री रामचन्द्र जोशी | का स | | ९८४७०८५६८२ |
| २१ | श्री भैरवकुँवर | का स | | ९८४८६०७१५७ |
| २२ | श्री चक्रब थलाल | का स | | ९८४८५४४८७२ |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्रीरविन्द्र चौधरी | हसचा | | ९८०८०६२३४२ |
| २४ | श्री मुकेशभट्ट | हसचा | | ९८१५६८९३७४ |
| २५ | श्रीलक्ष्मी कुमारी राना | माली | | ९८१४६८७१४६ |
| २६ | श्रीचुल्लु राना थारु | माली | | |

**४ यस मन्त्रालयबाट प्रदान गरिने सेवा**

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमाली, २०७४ ले तोके बमोजिमका कार्यहरु ।

**५ निर्णय गर्ने प्रकृया र अधिकार**

कुनैपनि निर्णय विभिन्न महाशाखा र शाखाहरुबाट शाखा अधिकृतबाट टिप्पणी उठाई, सो टिप्पणी स्वीकृत गरिने वा निर्णयको प्रकृति र गम्भिरताका आधारमा माननीय मन्त्रीज्यूबाट पनि स्वीकृत गरिने ।

**६ निर्णयउपर उजुरी सुन्ने अधिकारी**

यस मन्त्रालयबाट उपलब्ध गराईएका सेवा उपर चित्त नबुझेको खण्डमा मन्त्रालयका सचिव समक्ष उजुरी गर्न सकिनेछ ।

**७सम्पादन गरेको कामको विवरण**

यस मन्त्रालय र मातहतका निकायहरुले मिति २०७७ श्रावण देखि २०७७ असोज महिनासम्म सम्पादन गरेको कामको विवरण निम्नानुसार रहेको छ ।

**अ) मन्त्रालयबाटसम्पादितकार्यहरु**

- मन्त्रालय र मातहतका निकायहरुको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले क्षेत्रगत रुपमा वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ तर्जुमा गरिएको ।
- माननीय मन्त्रीज्यू र सचिवज्यू तथा सचिवज्यू र मातहत निकायका कार्यालय प्रमुखहरुबीच आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागी कार्यसम्पादन सम्झौता गरिएको ।

- संघीय सरकारबाट शसर्त अनुदान स्वरुप प्राप्त बजेट तथा कार्यक्रम मातहत निकायहरुलाई विभाजन गरी सम्बन्धित कार्यालयको PLMBIS मा प्रविष्टि गर्ने कार्य गरिएको।
- मन्त्रालय र मातहतका निकायहरुको आर्थिक वर्ष २०७६/०७७ को प्रगति समिक्षा गोष्ठि सञ्चालन गरिएको ।
- मन्त्रालय र मातहतका निकायहरुको आर्थिक वर्ष २०७६/०७७ को प्रगति प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गरेको ।
- मन्त्रालय मातहतका निकायहरुको योजना कार्यान्वयनमा समन्वय र सहजीकरण गरिएको।
- मातहतका निकायहरुबाट सम्पादित योजना तथा कार्यक्रमहरुको अनुगमन गरिएको ।

**आ) हालसम्म स्वीकृत भएका मन्त्रालयसंग सम्बन्धित कानूनहरुको विवरण**

**ऐनहरु**

- प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५
- नीजि व्यवसाय दर्ता ऐन, २०७६
- साझेदारी व्यवसाय दर्ता ऐन, २०७६
- सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७

**निर्देशिकाहरु**

- सुदूरपश्चिम प्रदेसस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७६
- सुपथमुल्य पसल एवं लघु घरेलु उद्योग सञ्चालन तथा प्रबर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६
- सुदूरपश्चिम प्रदेश संयुक्त वजार अनुगमन निर्देशिका, २०७६

**कार्यविधिहरु**

- नदिजन्य पदार्थ ब्यबस्थापन कार्यविधी, २०७५
- प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन ईकाई सञ्चालन कार्यविधी, २०७५
- नविन उद्यम स्थापनाका लागी अनुदान वितरण सम्बन्धि कार्यविधि, २०७७
- वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ (वन वातावरण तथा भूसंरक्षण, उद्योग तथा वाणिज्य र पर्यटन सम्बन्धि)

**गठन आदेश**

- खप्तड पर्यटन विकास समिति गठन आदेश, २०७५
- रामारोशन क्षेत्र पर्यटन विकास तथा ब्यबस्थापन समिति गठन आदेश, २०७६

**८ सुचना अधिकारी, प्रवक्ता र सचिवको नाम र पद**

| सुचना अधिकारी/प्रवक्ता | सचिव |
| --- | --- |
| नाम :- भरत प्रसाद श्रेष्ठ<br>पद :- सहायक वन अधिकृत<br>(अधिकृतस्तर आठौं)<br>सम्पर्क नं. - ९८४७८७४१९० | नाम :-यज्ञनाथ दाहाल<br>पद :-सचिव<br>सम्पर्क नं. - ९८५८४२२५०७ |

**९ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

| **बजेटको विवरण** | **कुल विनियोजित बजेट** | **खर्च भएको बजेट** | **वित्तीय प्रगति प्रतिशत** |
| --- | --- | --- | --- |
| पुँजिगत | ९३,४९,७२,०००।० | **१,५०,३५,००९।०** | १.६०% |
| चालु | १,८४,६०,३७,०००।० | **११,८२,७२,४७६।०** | ६.४०% |
| **जम्मा** | **२,७८,१०,०९,०००।०** | **१३,३३,०७,४८५।०** | **८%** |

**१० सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण**

यस उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको वेबसाईट www.moitfe.p7.gov.np रहेको छ ।

**११ सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता**

यस मन्त्रालयले सोझै कुनै बैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग प्राप्त गर्ने गरी कुनै पनि सम्झौता नगरेको ।